# सुनापति गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
**हिलेदेवी,रामेछाप**
३ नं. प्रदेश, नेपाल

मिति : २०७५/०९/०१

प.स. २०७५/७६
च.नं. २५०

## विषय : करारमा सेवा लिने सम्बन्धि सुचना ।

**दोश्रो पटक प्रकाशित मिति२०७५/०९/०१**

यस सुनापति गाउँपालिकाको लागि १ (एक) जना कानुनी सहजकर्ता पदमा देहायको योग्यता भएको व्यक्ति करारमा राख्नु पर्ने भएकोले योग्यता पगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशन भएको मितिले ३ (तिन)दिन भित्र कार्यालय समयमा दरखास्त दिनुहुन सम्बन्धित सबैका जानकारीको लागि पुन यो सुचना प्रकाशन गरिएको छ । यसको फाराम,कार्यविवरण, पारिश्रमिक,सेवाका शर्तहरु सहितको वृस्तित विवरण यस गाउँकार्यपालिकाको कार्यालय वा जिल्ला समन्वय समितिको कार्यालय,मन्थली रामेछाप वा आन्तरिक मामिला तथा कानुन मन्त्रालय प्रदेश नं. ३ हेटौडा मकवानपुरको वेवसाईट www.moial.p3.gov.np मा उपलब्ध हुने व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

**तपसिल**

**१) योग्यता**

क) नेपाली नागरिकता

ख) प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको

ग) अठार बर्ष उमेर पुरा भई ५१ बर्ष ननाघेको

घ) अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको

२) उम्मेद्धवारको व्यक्तिगत विवरण,शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,अनुभवको प्रमाणित प्रतिलिपी तथा प्रचलित कानुन बमोजिम परिषद वा अन्य निकायमा दर्ता भएको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेद्धवार स्वयमले हस्ताक्षर गर्नुपर्नेछ ।

पुनश्च : यस सम्बन्धि थप कुरा बुझ्न परेमा यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

..............................

सुनिल गिरौला

प्रमुख प्रशासकिय अधिकृत